"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"
# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
१, नं. प्रदेश, नेपाल

## दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७।०२।०९**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि तपसिलमा उल्लेखित सामानहरु तोकिएको परिमाणमा तोकिएको मिति र समयमा न.पा.कार्यालयमा सामानहरु आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र , मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाण-पत्र, आर्थिक वर्ष २०७५।०७६ को कर चुक्ता प्रमाण पत्र राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र खरिद गरि यस न.पा.कार्यालयमा शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. सामानको विवरण

क) SANITARY PAD **(Specifications : Regular Sanitary Pad with wing, Napkin with uniform thickness, Size including minimum(240+-20mm length and 60 to 75 mm with , thickness 15mm+- 2mm ) Quantity : 13000 Piece.**

२) **दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०७७।०२।२३ गते कार्यालय समयसम्म, रु.१०००।- एक हजार मात्र (फिर्ता नहुने गरी) ।**

३) शिलबन्दी दरभाउ-पत्र पेश गर्ने मिति, समय र स्थान :- सूचना प्रकाशन भएको मितिले १६औं दिन अर्थात **मिति २०७७।०२।२४** गते कार्यालय समयसम्म, भद्रपुर न.पा.कार्यालयमा ।

४) शिलबन्दी दरभाउ-पत्र फाराम खोल्ने मिति, समय र स्थान :- सूचना प्रकाशन भएको मितिले १७ औं दिन ( **मिति २०७७।०२।२५** गते दिनको २.०० बजे, भद्रपुर न.पा.कार्यालयमा ।

५) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

६) आफूले पेश गरेको दरभाउ पत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

७) दरभाउ-पत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

८) रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउ-पत्र फारामहरुलाई मान्यता दिइने छैन ।

९) दरभाउ-पत्रमा उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान न.पा.ले स्वीकार गर्ने छैन , **आफूले आपूर्ति गर्ने सामानको नमूना समेत पेश गनुपर्ने छ।**

१०) नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ । न.पा.जवाफदेही हुने छैन ।

११) दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

१२) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१३) सो कार्य गरे वापत अग्रिम रुपमा कुल रकमको २.५ % ले हुने रकम धरौटी स्वरुप यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०३०३००७१०३ (ग-३) मा जम्मा गरेको सक्कलै भौचर सम्झौता गर्दाको बखतमा पेश गर्नु पर्नेछ ।

१४) सामानको भुक्तानी सम्झौतामा भएको प्रावधान अनुसार हुनेछ ।

१५) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

..................
तुलसी बहादुर श्रेष्ठ
( प्रमुख प्रशासकीय अधिकृत)

C:\Users\computer\Desktop\Laptop\Jinsi dept\letters in long pad for notice_goods.doc

कार्यालय प्रमुख : ०२३-५२०७८१, कार्यालय ५२०१४८, ५२००५५ Fax : 00977-23-520781
वडा कार्यालय महेशपुर : ५२०८४३,वडा कार्यालय भद्रपुर : ५२०९५५, वडा कार्यालय चन्द्रगढी : ४५५०८२
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np